" दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुव्री "

# चुमनुव्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिर्दिबास, गोरखा

गण्डकी प्रदेश ,नेपाल

पत्र संख्याः २०८१/०८२
चलानी नं.: ६६।आ.प्र.

मिति: २०८२/०२/२२
नेपाल संवत् ११४५, तछलागा, दशमी

श्री सरोकारवाला सबै,
चुमनुव्री गाउँपालिका, गोरखा।

**विषयः भुक्तानी बन्द हुने सम्बन्धमा।**

प्रस्तुत विषयमा गोरखा जिल्ला, चुमनुव्री गाउँपालिकाकाले सबै आर्थिक कारोबार SuTRA प्रणाली मार्फत लेखाङ्कन र प्रतिवेदन गर्दै आईरहेको बेहोरा सबैमा अवगत नै छ।

चालु आर्थिक वर्ष २०८१/०८२ को भुक्तानी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात (७) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अधावधिक गरी भुक्तानी/निकासा बन्द गर्नुपर्ने व्यवस्था भएको तथा असार महिनामा भुक्तानी कार्यमा अत्याधिक चाप हुने जसले गर्दा प्रणालीमा पनि सोही अनुरुप चाप पर्ने हुँदा यस गाउँपालिकाबाट भुक्तानी लिन बाँकी निर्माण व्यवसायी, उपभोक्ता समिति, संघसंस्था, व्यवसायिक फर्म, गैरसरकारी संस्था, गाउँपालिका अन्तर्गतका शाखाहरु, सामुदायिक विद्यालयहरु लगायत सम्पूर्ण सरोकारवालाहरुले चालु प्रकारका खर्चहरुको हकमा २०८२/०३/१० गतेभित्र र पूँजीगत प्रकृतीका खर्चहरुको हकमा २०८२/०३/१६ गतेभित्र नियमानुसार कागजात तयार गरी उल्लेखित समयसिमाभित्र पेश गर्नुहुन अनुरोध छ। साथै तोकिएको समयसिमाभित्र गाउँपालिकामा भुक्तानीको लागि पेश नभएमा/भुक्तानी नलिएमा यस गाउँपालिकाको कार्यालय जवाफदेही नहुने बेहोरा जानकारीका लागि अनुरोध छ।

.....................
गिरिजाप्रसाद रिजाल
लेखा अधिकृत

.....................
मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

सबै शाखा, चुमनुव्री गाउँपालिकाको कार्यालय।
वडा कार्यालय सबै, चुमनुव्री गाउँपालिकाको कार्यालय।
सामुदायिक विद्यालय सबै, चुमनुव्री गाउँपालिकाको कार्यालय।
श्री सुचना/प्रविधि शाखा, सुचना वेबसाइट/फेसबुक मा अपलोड गर्नुहुन।

Website: chumanuwrimun.gov.np
Email: chumanuwrimun@gmail.com